प्रेस विज्ञप्ती

सिद्धार्थ बैंक नेपाल प्रिमियर लिगलाई लक्षित गर्दै सिद्धार्थ बैंकद्वारा आकर्षक योजनाहरु सार्वजनिक

भदौ ३१, २०८३, काठमाडौं

नेपाल प्रिमियर लिगको Title Sponsor का रुपमा आबद्ध रहेको सिद्धार्थ बैंकले नयाँ ग्राहकलाई लक्षित गरी सिद्धार्थ एनपीएल क्रेडिट कार्ड र सिद्धार्थ एनपीएल बचत खाता सार्वजनिक गरेको छ र त्यसका विशेषताहरु निम्न प्रकारका रहेका छन् ।

१) सिद्धार्थ एनपीएल क्रेडिट कार्ड

यस योजना अन्तर्गत आश्विन १, २०८३ देखि मंसिर २९, २०८३ भित्रमा आवेदन दिने ग्राहकले आजीवन निःशुल्क क्रेडिट कार्ड (Lifetime Free Credit Card) प्राप्त गर्न सक्नु हुनेछ जसका लागि निम्न सर्तहरू पूरा गर्नु पर्नेछ ।

- पहिलो वर्षको वार्षिक शुल्क कार्ड जारी गरेकै समयमा पूर्ण रूपमा छुट दिइनेछ ।
- दोस्रो वर्षदेखि, ग्राहकले अघिल्लो वर्षमा कम्तीमा तीनवटा क्रेडिट कार्ड कारोबार पूरा गरेको खण्डमा मात्र वार्षिक शुल्क फिर्ता (reimbursement) गरिनेछ ।
- वार्षिक शुल्क फिर्ताको योग्यता हरेक वर्ष मूल्यांकन गरिनेछ । कुनै वर्ष न्यूनतम कारोबार पूरा नभएमा त्यो वर्ष यो सुविधा लागु हुनेछैन । न्यूनतम कारोबार पूरा गरेमा ग्राहकहरु अर्को वर्ष पुनः यस सुविधाका लागि योग्य हुनेछन् ।

२) सिद्धार्थ एनपीएल बचत खाता

सिद्धार्थ एनपीएल बचत खाता खोल्ने ग्राहकले निम्न सुविधाहरु प्राप्त गर्न सक्नुहुनेछ ।

- खाता खोलेका ग्राहकहरूले विशेष सिद्धार्थ NPL-Theme मा डिजाइन गरिएको डेबिट कार्ड पाउनु हुनेछ ।
- सिद्धार्थ एनपीएल बचत खाता खोल्ने ग्राहकहरूले सुरुवाती सुविधाका रूपमा ५०० सिद्धार्थ रिवार्ड पोइन्ट पाउनु हुनेछ ।
- सिद्धार्थ NPL डेबिट कार्ड र सिद्धार्थ BankSmart XP दुवैको सदस्यता लिने ग्राहकहरूले प्रारम्भिक सदस्यता (Initial Subscription) लिँदा एकमुष्ट रु ५०० वार्षिक शुल्क तिरेर बन्डल प्याकेजको रूपमा सेवा प्राप्त गर्न सक्नु हुनेछ ।
- त्यसैगरी २०८३ साल असोज १ देखि कार्तिक ३० सम्मको अभियान अवधिमा, सिद्धार्थ एनपीएल बचत खातावालाहरुले निम्न विशेष NPL-सम्बन्धित अनुभव र सुविधाहरू प्राप्त गर्ने अवसर पाउनु हुनेछ ।

- अभियान अवधिमा सबैभन्दा बढी Rewards Points पाउने शिर्ष २० सिद्धार्थ एनपीएल बचत खातावालाहरुले विशेष सिद्धार्थ SBLNPL Gift Hamper पाउनु हुनेछ ।
- अभियान अवधिमा सबैभन्दा बढी Rewards Points कमाउने एक जना सिद्धार्थ एनपीएल बचत खातावालाले SBLNPL भिडियोमा फिचर हुने अवसर पाउनु हुनेछ ।
- अभियान अवधिमा सबैभन्दा बढी Rewards Point Redemption Transaction पूरा गर्ने शिर्ष ५ सिद्धार्थ एनपीएल बचत खातावालाहरुले दुई-दुई वटा SBLNPL को टिकट जित्नु हुनेछ ।
- अभियान अवधिमा सबैभन्दा उच्च रिवार्ड च्याम्पियन स्कोर (Reward Champion Score) हासिल गर्ने एक जना सिद्धार्थ एनपीएल बचत खातावालाले सेमिफाइनल खेलमा '**प्लेयर अफ द म्याच**' पुरस्कार प्रस्तुत गर्ने अवसर पाउनु हुनेछ । रिवार्ड च्याम्पियन स्कोर भन्नाले अभियान अवधिमा आर्जन गरिएको कुल Rewards Point र Redeem गरिएको कुल Rewards Pointको योगफललाई जनाउँदछ ।

यस योजनाको बारेमा थप जानकारीका लागि बैंकको २४ सै घण्टा सञ्चालनमा रहने ग्राहक सेवा केन्द्र, 'सिद्धार्थ केयर' मा निम्न माध्यमहरु मार्फत सम्पर्क गर्न सक्नुहुनेछ ।

फोन: ०१-५९७००२०

ईमेल: customercare@sbl.com.np